apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र




● वर्ष: १२ ● अंक: १७८ ● पृष्ठ: ४ ● ३१ असार २०८३ बुधबार (15 July 2026. Wednesday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

## ब्राउनसुगरजस्तो पदार्थसहित पाँच दिनमा पाँचजना पक्राउ

**अपन दैनिक संवाददाता**
**सिरहा, असार ३० गते**



सिरहा प्रहरीले जिल्लाको दुई छुट्टाछुट्टै ठाउँबाट पछिल्लो पाँच दिनको अवधिमा कडा खालको मानिने प्रतिबन्धित लागुऔषधसहित पाँचजनालाई पक्राउ गरेको छ । सिरहाको मिर्चैया नगरपालिका- ६, कटारी चोकबाट मंगलबार राति प्लास्टिकबाहेक ७० मिलिग्राम र सिरहा नगरपालिका- १५ बुधौरा चोकबाट एक ग्राम ५४० मिलिग्राम ब्राउनसुगरजस्तो देखिने पदार्थसहित पाँचजनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

सिरहा प्रहरीका प्रहरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालका अनुसार लागुऔषध लुकाएर राखिएको भन्ने गोप्य सूचनाको आधारमा इलाका प्रहरी कार्यालय मिर्चैयाबाट खटिएको प्रहरी टोलीले प्लास्टिकबाहेक ७० मिलिग्राम लागुऔषध, नगद र पाँच थान मोबाइलसहित पाँचजनालाई पक्राउ गरिएको हो।

मिर्चैया- १ का करिब ३५ वर्षीय उमेश श्रेष्ठले सञ्चालन गरेको बेकरी पसलबाट चारवटा कालो प्लास्टिकको पोकामा लुकाएर राखिएको आगुऔषध, २२ हजार २५० रुपैयाँ नगद बरामदसँगै बेकरी सञ्चालक श्रेष्ठसहित मिर्चैया- ८ जीवा टोलका करिब ३२ वर्षीय चन्द्रप्रसाद गिरी, मिर्चैया- ६ का करिब २१ वर्षीय देवकुमार पासवानलाई पक्राउ गरिएको उनले बताए। पक्राउ गरिएकाहरूलाई मिर्चैया प्रहरीमा राखेर थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

त्यस्तै, सीमावर्ती प्रहरी चौकी खिरौनाबाट गस्तीमा खटिएको प्रहरी टोलीले गत शनिबार सिरहा- १५ बुधौराबाट भारत हुँदै नेपालतर्फ म.प्र. ०१-००४ प ६२३५ नम्बरको मोटरसाइकल चढेर आउँदै गरेका कल्याणपुर नगरपालिका- ८ का करिब २२ वर्षीय सुनील मण्डलले भित्री वस्त्रमा कालो प्लास्टिकमा लुकाएको एक ग्राम ५४० मिलिग्राम ब्राउनसुगरजस्तो पदार्थ बरामद गरेको छ । प्रहरीका अनुसार ब्राउनसुगरजस्तो पदार्थ बरामद भएपछि मोटरसाइकलचालक सुनिलसहित पछाडि बसेका करिब १९ वर्षीय नरेश मण्डललाई समेत पक्राउ गरी जिल्ला प्रहरीमा राखेर थप अनुसन्धान भइरहेको छ।

## मधेश सरकारलाई बजेट पारित गर्न बाटो खुल्यो

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असार ३० गते**



राजनीतिक विवादले लामो समयदेखि रोकिएको मधेश प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट कार्यदलको प्रतिवेदनपछि पारित हुने बाटो खुलेको छ।

उत्पन्न राजनीतिक विवाद समाधान गर्ने उद्देश्यले गठित प्रदेश सभा विशेष कार्यदलले तयार पारेको १० बुँदे प्रतिवेदन मंगलबार प्रदेश सभाको बैठकमा पेस भएको छ । उक्त प्रतिवेदन कार्यान्वयन गर्ने अर्थमन्त्री युवराज भट्टराईको प्रतिबद्धतापछि बजेट पारित गर्ने बाटो खुलेको हो।

कार्यदलले बजेट कार्यान्वयन, बहुवर्षीय योजना व्यवस्थापन, स्थानीय तहलाई वित्तीय हस्तान्तरण तथा विवादित कार्यक्रमहरूको व्यवस्थापन सम्बन्धी विभिन्न सुझावसहितको प्रतिवेदन प्रदेश सभामा पेस गरेका हुन्। सो प्रतिवेदन सर्वसम्मतिले पारित पनि भएको छ।

कार्यदलका सदस्य तथा जनता समाजवादी पार्टी (जसपा) नेपालका सांसद उपेन्द्र महतोले प्रतिवेदन प्रस्तुत गर्दै बजेट पुस्तिकामा देखिएका केही

बाँकी पृष्ठ ४

## मधेशका गृहमन्त्रीले टिकट खोसेपछि बन्द गरियो जानकी मन्दिरको विवाह मण्डप

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असार ३० गते**




जनकपुरधामस्थित जानकी मन्दिरअन्तर्गत रहेको विवाह मण्डप र माता सीताको जन्मदेखि विवाहसम्मको सम्पूर्ण चरित्रको विद्युतीय संग्राहालयमा इतिहासमै पहिलो पटक तालाबन्दी गरिएको छ।

विवाह मण्डप र संग्रहालय अवलोकनका लागि जानकी मन्दिरद्वारा टिकट लिँदै आएकोमा मधेशका गृह, सञ्चार तथा कानुन मन्त्री फकिरा महतोले निःशुल्क गर्नुपर्ने भन्दै टिकट खोसेपछि मन्दिर व्यवस्थापनले तालाबन्दी गरेको हो।

मन्त्री महतोले मंगलबार साँझ विवाहमण्डप र सङ्ग्रहालयमा काट्दै गरेका व्यक्तिलाई टिकट किन र के का लागि काटिरहेको भन्दै ती टिकटहरू खोसेर लगेका थिए।

मन्दिर खर्च व्यवस्थापनका लागि जानकी मन्दिर व्यवस्थापक प्रत्येक वर्ष ठेक्का लगाउँदै आएका थिए। ती ठेकेदार संग्रहालयको १५ रूपैयाँ र विवाह मण्डपको १० रूपैयाँको टिकट काटदै आएका थिए।

जानकी मन्दिरका महन्थ रामतपेश्वर दास वैष्णवले गुण्डा शैलीमा गृहमन्त्री महतोले संग्रहालय र विवाह मण्डपको टिकट खोसेर लगेको आरोप लगाएका छन्।

'मन्दिरको पूजा तथा अन्य खर्च व्यवस्थापनका लागि संग्रहालय र विवाह मण्डप ठेक्का लगाईदै आएको हो,' उनले भने, 'प्रदेश, संघीय वा स्थानीय सरकारले आजसम्म एक रूपैया पनि मन्दिर व्यवस्थापनका लागि खर्च गरेको छैन। गुण्डाशैलीमा आएर टिकट खोस्ने विषय उचित भएन, मन्त्री भएपछि जे पनि गर्न

बाँकी पृष्ठ ४

## धामिनी मन्दिरको सरकारी जग्गा अतिक्रमण हटाउन रास्वपाको अल्टिमेटम

### साउनभित्र खाली गराउने नगरप्रमुखको प्रतिबद्धता

**अपन दैनिक संवाददाता**
**सिरहा, असार ३० गते**



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) गोलबजार नगर समितिले गोलबजार नगरपालिका ६ स्थित ऐतिहासिक तथा धार्मिक महत्व बोकेको धामिनी माताको मन्दिर र त्यससँग सम्बन्धित नेपाल सरकारको नाममा रहेको सार्वजनिक जग्गा अतिक्रमणमुक्त गराउन पुनः ताकेता गरेको छ । मंगलबार नगर समितिले नगरप्रमुख श्याम श्रेष्ठलाई स्मरण तथा ताकेता पत्र बुझाउँदै मन्दिर परिसरमा व्यक्तिहरूले अतिक्रमण गरी निर्माण गरेका घरटहरा हटाउन तथा सार्वजनिक सरकारी जग्गा संरक्षणका लागि तत्काल प्रभावकारी कदम चाल्न माग गरेको हो।

रास्वपाका नगर सभापति धनेश्वर यादवका अनुसार पार्टीले २०८० फागुन ३० गते नै धामिनी मन्दिरको किता नम्बर असनपुर ७क ८९ को करिब १ बिघा ४ कट्ठा सार्वजनिक जग्गा अतिक्रमणमुक्त गराउन ज्ञापनपत्र बुझाएको थियो।

धमिनि मन्दिरको सोहि किता

बाँकी पृष्ठ ३

## मिटरब्याज पीडित र गृहमन्त्रीबीचको वार्ता : तीन आयोगको प्रतिवेदन सार्वजनिक गर्न निर्देशन



**अपन दैनिक संवाददाता**
**सिरहा, असार ३० गते**

बाराको निजगढमा मिटरब्याज पीडित र गृहमन्त्री सुधन गुरुङबीच दोस्रो चरणको वार्ता सम्पन्न भएको छ। प्रधानमन्त्रीस्तरीय बैठकको निष्कर्ष आएपछि तेस्रो चरणको वार्ता बस्ने सहमतिसहित सोमबारको छलफल टुंगिएको मिटरब्याज पीडित अभियन्ता लक्ष्मी घिमिरेले जानकारी दिइन्।

घिमिरेका अनुसार, मिटरब्याज

बाँकी पृष्ठ ३

## पूर्वप्रदेश प्रमुख राजेश अहिराज जबरजस्ती करणी मुद्दामा दोषी ठहर

**अपन दैनिक संवाददाता**
**सिरहा, असार ३० गते**



मधेश प्रदेका पूर्वप्रदेश प्रमुख राजेश अहिराज(राजेश झा) जबरजस्ती करणी (बलात्कार) मुद्दामा दोषी ठहर भएका छन् । सोमबार काठमाडौं जिल्ला अदालतमा न्यायाधीश चन्द्रकान्त पौडेलको इजलासले अहिराजलाई दोषी ठहर गरेको हो।

इजलासले दोषी ठहर गरेपनि सजाय भने तोकेको छैन । सजायका लागि आगामी ३२ गते सजाय निर्धारणका लागि अर्को पेसी तोकिएको छ।

अहिराज पूर्वपत्रकार तथा मधेशवादी राजनीतिज्ञ पनि हुन् । उनलाई तत्कालीन केपी शर्मा ओली नेतृत्वको सरकारले २०७७ फागुन ७ मा मधेश प्रदेश प्रमुख पदमा नियुक्त गरेको थियो।

उनीमाथि एक महिलाले ४ जेठ २०८१ मा काठमाडौंको नयाँबानेश्वरस्थित आफ्नै डेरामा बलात्कार गरेको आरोप लगाएकी थिइन् । अहिराजले भने आफूलाई बलात्कारको जाहेरी दिने युवतीविरुद्ध उल्टै मुद्दा हालेका थिए।

बाँकी पृष्ठ २



प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

# एक आर्थिक वर्ष, तीन अर्थमन्त्री: जसले बजेट ल्याए, उनै छन् प्रहरी हिरासतमा

प्रयास श्रेष्ठ

आर्थिक वर्ष २०८२/८३ निकै रोचक र प्रेरणादायी वर्ष बन्न पुग्यो। खासगरी राजनीतिकसँगै सत्ता र पुस्तान्तरणको 'आधार वर्ष' बन्न पुगेको यो वर्षले संयोगले तीनवटा अर्थमन्त्री पायो। अर्थमन्त्री विष्णुप्रसाद पौडेल, रामेश्वर खनाल र डा. स्वर्णिम वाग्ले संयोगले एकै आर्थिक वर्षका लागि मुलुकले पाएका तीन जना अर्थमन्त्रीहरू हुन्। नेपालको इतिहासमा एकै वर्ष तीनवटा अर्थमन्त्री पाएको यो दोस्रो संयोग हो।

आर्थिक वर्ष २०७९/८० मा पहिलोपटक अर्थमन्त्री वर्षमान पुन, विष्णुप्रसाद पौडेल र प्रकाशशरण महत एकै वर्ष अर्थमन्त्री बन्नेका थिए। संयोगले यो वर्ष पनि तीन जना अर्थमन्त्री बनेका छन् भने अझ रोचक पक्ष यसपटक पनि तीन अर्थमन्त्रीभित्र उनै पौडेल परेका छन्।

चालु वर्ष सुरु भएलगत्तै २३ र २४ भदौमा देशव्यापी जेन-जी विद्रोह भयो। विद्रोहले नेकपा एमाले र नेपाली कांग्रेस गठबन्धनको केपी शर्मा ओली नेतृत्वको सरकार ढाल्यो। २४ भदौ २०८२ मा प्रधानमन्त्री ओलीले राजीनामा दिएसँगै अर्थमन्त्री विष्णुप्रसाद पौडेलसमेत सत्ताबाट बाहिरिन पुगे, जुन ओली सरकारको बहिर्गमन निकै कारुणिक र टिठलाग्दो छ।

यता आर्थिक वर्ष २०८२/८३ का लागि बजेट ल्याएर पनि अर्थमन्त्री पौडेलले कार्यान्वयन गर्न पाएनन्। ३० भदौ २०८२ मा पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन भयो। ६ महिनाभित्र मध्यावधि चुनाव गर्ने गरी जिम्मेवारी पाएको कार्की नेतृत्वको सरकारका शक्तिशाली अर्थमन्त्री बने पूर्वसचिव रामेश्वर खनाल।

बढीभन्दा बढी चुनावमा केन्द्रित बनेका खनालको भूमिका चुनावी खर्च जुटाउने र जेन-जी विद्रोहका क्रममा घाइते भएका, मृत्यु भएका र क्षति व्यहोरेकाहरूको राहत, उपचारमा रकम वितरण गर्नमै उनको कार्यकाल बित्यो। २१ फागुनको चुनावपछि झण्डै दुईतिहाइ शक्तिसहित राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) राष्ट्रिय राजनीतिमा ठूलो पार्टी बनेर उदायो।



१३ चैत २०८२ मा प्रधानमन्त्री वालेन्द्र शाह (बालेन) को नेतृत्वमा रास्वपा सरकार गठन भएसँगै कार्की नेतृत्वको अन्तरिम सरकारको औचित्य सकियो। अर्थमन्त्री डा. स्वर्णिम वाग्ले बने। पूरापूर ६ महिना अर्थ मन्त्रालय चलाएका अर्थमन्त्री खनालको चालु वर्षको बजेट खर्च र खास आर्थिक सुधारमा उति भूमिका देखिएन।

अघिल्ला अर्थमन्त्री पौडेलले ल्याएको बजेट अर्धवार्षिक समीक्षामार्फत संशोधन गर्नेबाहेक अरु खास काम उनले गर्न सकेनन्। नयाँ सरकार गठनसँगै यो जिम्मेवारी अर्थमन्त्री वाग्लेको काँधमा सरेको छ। तर, यता बहालवाला अर्थमन्त्री वाग्लेको अघिल्लो सरकारले ल्याएको बजेट कार्यान्वयमा उति चासो र चिन्ता देखाएको छैन, जसको फलस्वरुप यो वर्ष पुँजीगत खर्च ५० प्रतिशत नकट्ने निश्चित छ।

**अर्थमन्त्री वाग्लेको पर्फर्मेन्स**

अर्थमन्त्री रामेश्वर खनालले पूर्वमन्त्री पौडेलले ल्याएको बजेटलाई अर्धवार्षिक समीक्षामार्फत संशोधन गर्दै चालु वर्षमा १६ खर्ब ८८ अर्ब ३२ करोड रुपैयाँबराबर मात्र खर्च हुने अनुमान पेस गरेका थिए। तर, आर्थिक वर्षको अन्त्य हुँदैगर्दा संशोधित बजेट खर्चको अनुमान पनि पूरा नहुने देखिएको छ।

३० असार २०८३ सम्ममा विनियोजित बजेटको ७९.८३ प्रतिशत अर्थात् १५ खर्ब ६७ अर्ब ९१ करोड ८० लाख रुपैयाँ खर्च हुन सकेको छ। जसमध्ये पुँजीगत खर्चतर्फ जम्मा १ खर्ब ८२ अर्ब २६ करोड २८ लाख रुपैयाँ मात्र खर्च हुन सकेको छ। जबकि यो वर्ष पुँजीगत खर्चतर्फ सरकारले ४ खर्ब ७ अर्ब ८८ करोड बजेट छुट्याएको छ। विकास खर्च मानिने पुँजीगत खर्च नै हुन नसक्नुलाई सरकारको कमजोर पर्फर्मेन्सको रूपमा हेरिएको छ।

अर्थविद् डा. डिल्लीराज खनाल अघिल्लो सरकारले ल्याएको बजेट कार्यान्वयनमा अर्थमन्त्री वाग्लेले चासो नदेखाउँदा स्थिति कमजोर बन्न पुगेको बताउँछन्। उनले भने, 'अर्थमन्त्री वाग्लेले आगामी आर्थिक वर्षका लागि केही आसलाग्दा योजनासहित बजेट ल्याए पनि चालु वर्षको बजेट कार्यान्वयनमा कमजोर स्थिति प्रदर्शन गरेकै हुन्। विशेष परिस्थितिमा विशेष कार्ययोजनासहित बजेट कार्यान्वयनमा जानुपर्ने थियो। तर, उनले त्यसो गर्न सकेनन्।'

ओली नेतृत्वको अघिल्लो सरकारले ल्याएको बजेट कार्यान्वयमा डा. वाग्लेले उति जाँगर नचलाएको देखिएको उनले तर्क छ। तर, अर्थमन्त्री वाग्लेले सरकारको राम्रो प्रयास हुँदाहुँदै पनि विविध कारणहरूले गर्दा अपेक्षित उपलब्धि हासिल गर्न नसकिएको स्वीकार गरेका छन्। यसपटक बजेट कार्यान्वयनमा समस्या देखिनुलाई जेन-जी विद्रोह नै प्रमुख कारण रहेको अर्थ मन्त्रालयले औंल्याएको छ।

यस विषयमा कुरा गर्दै अर्थ मन्त्रालयका प्रवक्ता अमृत लम्सालले भने, 'यो वर्ष विनियोजित विकास खर्च कम हुनुलाई केही विशेष कारणहरूलाई मान्नुपर्छ। जेन-जी विद्रोहका कारण ठूलो असर गर्‍यो। जेन-जी आन्दोनका कारण मुलुक अर्ली इलेक्सन (मध्यावधि निर्वाचन) मा गयो र सबै चुनावमा केन्द्रित भए। यस कारण पुँजीगत खर्च प्रभावित बन्न पुगेको हो।'

थप, विश्व भूराजनीतिका कारण मध्यपूर्वमा चर्किएको द्वान्द्वले समेत पेट्रोलियम पदार्थको मूल्यमा पारेको असर र अन्य आपूर्ति शृंखलामा असर गर्दा यसको प्रभाव निर्माण क्षेत्रमा परेको उनले बताए, जसले यस वर्ष पुँजीगत खर्चमा असर गरेको छ।

पूर्वअर्थमन्त्री खनालले आफूले केही राम्रो गर्ने प्रयास गर्दागर्दै पनि अन्तरिम सरकारको जिम्मेवारी चुनाव गराउनु रहेकाले बढी त्यसैमा केन्द्रित हुँदा बजेट खर्चमा ध्यान दिन नसकिएको स्वीकारे। तर, पछिल्लो सरकारको पर्फर्मेन्समा भने उनले केही बोल्न चाहेनन्। आफैंले सत्ता हस्तान्तरण गरेको सरकारका बारेमा कुनै टिप्पणी नगर्ने उनले बताए।

**जसले बजेट ल्याए, उनै प्रहरी हिरासतमा**

अर्थमन्त्री विष्णुप्रसाद पौडेलले चालु आर्थिक वर्षका लागि १९ खर्ब ६४ अर्ब ११ करोड रुपैयाँबराबरको अनुमानित बजेट ल्याएका थिए। जुन बजेट कार्यान्वयनमा जान नपाउँदै उनी सत्ताबाट बाहिरिन पुगे। अझ रोचक पक्ष, चालु वर्षको बजेट ल्याउने उनै अर्थमन्त्री पौडेल यही आर्थिक वर्षमै प्रहरी हिरासतमा पुगेका छन्।

एमालेका उपाध्यक्षसमेत रहेका पूर्वअर्थमन्त्री पौडेललाई बालेन नेतृत्वको सरकारले सम्पत्ति शुद्धीकरणको मुद्दामा पक्राउ गरी हिरासतमा राखेको छ। शेयर कारोबार र चलखेलमा संलग्नता र अस्वाभाविक सम्पत्ति आर्जनको मुद्दामा सम्पत्ति शुद्धीकरण विभागको सिफारिसमा प्रहरीले ८ असार २०८३ मा पौडेललाई सुर्खेतबाट पक्राउ गर्‍यो। सो मुद्दामा पूर्वअर्थमन्त्री पौडेललाई विशेष अदालतमा उपस्थित गराएको विभागले पाँचौंपटक हिजो मात्र थप तीन दिन म्याद थप गरेर अनुसन्धान गरिरहेको जनाएको छ।

उपप्रधानमन्त्रीसहित चारपटक अर्थमन्त्री बनिसकेका पौडेलको दुखान्त हिरासत बसाइलाई निकै अर्थपूर्ण र राजनीतिक दृष्टिकोणबाट हेरिएको छ।

## सम्पादकीय...

### जवाफदेही पत्रकारितामा आचारसंहिता

पत्रकारिता लोकतान्त्रिक समाजको एउटा महत्वपूर्ण आधारस्तम्भ हो। सत्य, निष्पक्षता, उत्तरदायित्व र जनविश्वास पत्रकारिताका मूल मूल्य हुन्। यी मूल्यहरूलाई व्यवहारमा उतार्ने प्रमुख माध्यम भनेको पत्रकार आचारसंहिता हो। आचारसंहिताको पालना बिना पत्रकारिता सूचना प्रवाहको माध्यम मात्र बन्न सक्छ, तर समाजप्रति उत्तरदायी र विश्वसनीय संस्था बन्न सक्दैन। मधेश प्रदेशमा पछिल्लो समय पत्रकारितामाथि विभिन्न कोणबाट प्रश्न उठिरहेका छन्। सामाजिक सञ्जालदेखि सार्वजनिक बहससम्म पत्रकारको भूमिका, विश्वसनीयता र व्यावसायिक आचरणबारे आलोचना सुनिन थालेको छ। कतिपय अवस्थामा समाचारभन्दा व्यक्तिगत स्वार्थ, तथ्यभन्दा अफवाह र पेशागत मर्यादाभन्दा व्यक्तिगत प्रभावलाई प्राथमिकता दिइएको आरोप लाग्ने गरेको छ। यसले सम्पूर्ण पत्रकारिता क्षेत्रको छविमाथि नै नकारात्मक असर पारिरहेको छ।

विशेषगरी बुम र प्रेस परिचयपत्र -आईडी कार्ड) को आडमा पत्रकारिताको नाममा हुने गैरव्यावसायिक गतिविधिले वास्तविक पत्रकारहरूलाई समेत आलोचनाको घेरामा पारेको छ। केही व्यक्तिको गैरजिम्मेवार व्यवहारका कारण समग्र सञ्चार क्षेत्रमाथि नै अविश्वास बढ्नु चिन्ताको विषय हो। पत्रकारितालाई पेशा होइन, प्रभाव र दबाब सिर्जना गर्ने माध्यमका रूपमा प्रयोग गर्ने प्रवृत्ति नियन्त्रण गर्न आचारसंहिताको कडाइका साथ पालना आवश्यक छ। मधेश प्रदेश मिडिया काउन्सिलले महोत्तरीको बर्दिबासमा आठवटै जिल्लाका पत्रकारलाई सहभागी गराई पत्रकार आचारसंहिताको प्रभावकारी कार्यान्वयनबारे छलफल र अन्तरक्रिया आयोजना गर्नु सकारात्मक प्रयास हो। यस्तो कार्यक्रमले पत्रकारहरूलाई आफ्नो पेशागत दायित्व, कानुनी सीमा, नैतिक मूल्य र सामाजिक उत्तरदायित्वबारे थप सचेत बनाउन सकिन्छ। आचारसंहिता अध्ययन गर्ने दस्तावेज मात्र होइन, दैनिक पत्रकारितामा व्यवहारिक रूपमा लागू गरिनुपर्ने व्यावसायिक मार्गदर्शक पनि हो।

पत्रकारको पहिलो दायित्व जनतालाई सत्य, सन्तुलित र प्रमाणमा आधारित सूचना उपलब्ध गराउनु हो। समाचार संकलनदेखि प्रकाशन वा प्रसारणसम्म निष्पक्षता, गोपनीयताको सम्मान, मानव अधिकारको संरक्षण र स्रोतको विश्वसनीयतालाई प्राथमिकता दिनुपर्छ। तथ्य पुष्टि नगरी समाचार सम्प्रेषण गर्ने, चरित्रहत्या हुने सामग्री प्रसारण गर्ने वा व्यक्तिगत स्वार्थबाट प्रभावित हुने कार्यले पत्रकारिताको विश्वसनीयता कमजोर बनाउँछ। त्यसैले प्रत्येक पत्रकारले आफ्नो अधिकारसँगै दायित्व पनि उत्तिकै गम्भीरतापूर्वक निर्वाह गर्नुपर्छ। मधेश प्रदेशमा पत्रकारिताको विकाससँगै गुणस्तर, अनुशासन र जवाफदेहितालाई पनि समान रूपमा अगाडि बढाउनुपर्ने आवश्यकता छ। मिडिया संस्थाहरूले आफ्ना पत्रकारलाई नियमित तालिम, नैतिक शिक्षा र आचारसंहिताको अभ्यासमा जोड दिनुपर्छ। त्यस्तै पत्रकार संगठन, सञ्चारगृह र नियामक निकायबीच समन्वय बढाएर आचारसंहिताको कार्यान्वयनलाई प्रभावकारी बनाउनुपर्छ। आचारसंहिता उल्लंघन गर्ने जोसुकैलाई निष्पक्ष र पारदर्शी ढंगले जिम्मेवार बनाउने प्रणाली पनि उत्तिकै आवश्यक छ। पत्रकारिताप्रतिको जनविश्वास कुनै कानुनले होइन, पत्रकारको व्यवहार, इमानदारी र व्यावसायिक चरित्रले निर्माण गर्छ। त्यसैले जवाफदेही पत्रकारिता नै आजको सबैभन्दा ठूलो आवश्यकता भएकोले आचारसंहिताको प्रभावकारी पालना, आत्मअनुशासन र निरन्तर आत्ममूल्यांकन जरुरी छ।

### पूर्वप्रदेश प्रमुख राजेश अहिराज ...........

त्यसपछि ४ साउन २०८२ मा प्रहरीले उनलाई पक्राउ गरेको थियो। प्रहरी अनुसन्धानका आधारमा सरकारी वकिल कार्यालय काठमाडौंले उनीविरुद्ध जबरजस्ती करणी मुद्दामा अभियोजन गरेको थियो।

१४ साउन २०८२ मा जिल्ला अदालत काठमाडौंका न्यायाधीश पितामम्बर शर्माको इजलासले अहिराजलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गरेको थियो। त्यसयता उनी डिल्लीबजार कारागारमा थुनामा छन्।

- ग्राहक बन्नु परेमा।
- नवीकरण गर्नु परेमा।
- ठेगाना परिवर्तन भएमा।
- पत्रिका नियमित नआएमा।

सिधा सम्पर्क
०३३-५२१२१४

## आजको राशिफल

**मेष :** नयाँ कामको थालनी गर्नका लागि आजको दिन निकै राम्रो छ।

**बृष :** आर्थिक दृष्टिकोणले आजको दिन लाभदायी रहनेछ। धन सञ्चय गर्ने अवसर मिल्नेछ भने रोकिएको धन फिर्ता हुन सक्छ।

**मिथुन :** आजको दिन तपाईंका लागि विशेष महत्त्वपूर्ण रहनेछ। मानसिक रूपमा प्रसन्नता र स्फूर्ति महसुस हुनेछ।

**कर्कट :** आज खर्चको मात्रा अलि बढ्न सक्छ, त्यसैले बजेट बनाएर चल्नुहोला।

**सिंह :** आजको दिन आम्दानीका नयाँ स्रोतहरू फेला पर्नेछन्। कार्यक्षेत्रमा सोचेभन्दा बढी लाभ मिल्न सक्छ।

**कन्या :** कार्यक्षेत्र र करियरका लागि आजको दिन अत्यन्तै शुभ छ। जागिरमा पदोन्नति वा नयाँ जिम्मेवारी मिल्ने योग छ।

**तुला :** भाग्यले साथ दिने हुनाले रोकिएका पुराना कामहरू स्वतः सुल्झिँदै जानेछन्।

**वृश्चिक :** आजको दिन अलि सतर्क रहनुहोला। स्वास्थ्यमा केही कमजोरी महसुस हुन सक्छ।

**धनु :** वैवाहिक जीवन र प्रेम सम्बन्धका लागि आजको दिन धेरै मधुर रहनेछ।

**मकर :** प्रतिस्पर्धी वा शत्रुहरूमाथि विजय प्राप्त हुनेछ। पुराना ऋण वा रोगहरूबाट मुक्ति मिल्ने समय छ।

**कुम्भ :** बौद्धिक र रचनात्मक काममा सफलता मिल्नेछ। विद्यार्थीहरूका लागि अध्ययन अध्यापनमा रुचि बढ्नेछ।

**मीन :** घरायसी वा पारिवारिक मामिलामा बढी समय बित्नेछ। आमाको स्वास्थ्यमा ध्यान दिनुहोला।



**राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस्।**

ज्योतिष डा. बिबेक पाण्डेय
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२



माँ भगवत्ति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

# चार दिनअघि पेश्की लिएर आर्थिक वर्ष सकिनै लाग्दा अन्तरक्रिया




अपन दैनिक संवाददाता
सिरहा, असार ३० गते

मधेश प्रदेश सरकारको गृह, सञ्चार तथा कानुन मन्त्रालय मातहत रहेको मिडिया काउन्सिल मधेश प्रदेशले सार्वजनिक वित्तीय अनुशासन र कानुनी व्यवस्था विपरित कार्यक्रम सञ्चालन गरेको पाइएको छ।

कानुनले तोके अनुसार असार २५ गतेअघि नै पेश्कीको नाममा भुक्तानी लिई काउन्सिलले असार २९ गते कार्यक्रम सम्पन्न गरेको हो।

कानुनी व्यवस्था अनुसार असार २५ गते राति १२ बजेसम्म सम्पन्न भएका कार्यक्रम वा योजनाको मात्रै बिल-भरपाई सदर गरी भुक्तानी लिन पाउने व्यवस्था छ। तर मिडिया काउन्सिलले कार्यक्रम सम्पन्न नै नगरी पेश्कीको नाममा रकम उठाई असार २९ गते सोमबार मात्रै कार्यक्रम सम्पन्न गरेको पाइएको छ।

नेपाल पत्रकार महासंघ महोत्तरी शाखाको समन्वयमा महोत्तरीको बर्दिबासमा 'आचारसंहिताको प्रभावकारी कार्यान्वयन' विषयक छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो। तर कार्यक्रम सम्पन्न भएको मिति र भुक्तानी प्रक्रियाबीच देखिएको अन्तरले काउन्सिलको आर्थिक कारोबारमाथि प्रश्न उठाएको छ।

कार्यक्रमको शीर्षकमा नेपाल पत्रकार महासंघका प्रमुख तथा प्रतिनिधिसँग छलफल हुने उल्लेख गरिएको थियो। यसले कार्यक्रमको उद्देश्य, सहभागीको प्रकृति तथा खर्च व्यवस्थापनबारे थप शंका उत्पन्न गरेको हो।

काउन्सिलका कार्यवाहक अध्यक्ष वन्दना झाले कार्यक्रमको रकम पहिले नै पेश्की लिइसकेकाले समय अभावका कारण असार २९ गते गर्नुपरेको बताएकी छिन्। असार २५ पछि यस्तो कार्यक्रम गर्न कानुनले अनुमति दिन्छ वा दिँदैन भन्ने प्रश्नमा भने उनले कार्यालय प्रमुखसँग सोध्न आग्रह गर्दै कुरा गर्न चाहिनन्।

तर, कार्यालय प्रमुख ओमविक्रम कटुवालले स्पष्ट जवाफ नदिई प्रदेश कोस तथा लेखा नियन्त्रण कार्यालयसँग बुझ्नु भनेर पन्छिए। उनले थप्दै भने, 'विविध खर्च शीर्षक अन्तर्गत यस्तो कार्यक्रम सञ्चालन गर्न मिल्ने हुनसक्ने हाम्रो अनुमान रहेकाले पेश्की लिइसकेको अवस्थामा गरेका हौं, विशेष कुरा वित्तिय व्यवस्थाबारे कोलेनिका प्रमुख मनोज झासँग सोध्नुस्।'

तर कोलेनिका प्रमुख झाले भने कार्यक्रम सञ्चालन गर्ने वा नगर्ने विषय सम्बन्धित कार्यालयकै जिम्मेवारी भएको भन्दै प्रतिक्रिया दिन मानेनन्।

कार्यक्रमका प्रमुख अतिथि तथा मधेश प्रदेशकी श्रम तथा यातायात मन्त्री शारदा देवी थापाले आफूलाई कार्यक्रमको वित्तीय पक्षबारे कुनै जानकारी नभएको प्रतिक्रिया दिएकी छन्। पत्रकारहरूको नियमित कार्यक्रम होला भन्ने बुझेर सहभागी भएको उल्लेख गर्दै उनले भनिन्, 'प्रदेश सरकारको बजेटबाट सञ्चालित कार्यक्रम भएको जानकारी आफूलाई दिइएको थिएन।'

नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष पुरण गुप्ताले पनि महासंघले सुरुमै यस्तो कार्यक्रम नगर्न सुझाव दिएको दाबी गरे। उनले मिडिया काउन्सिलका अध्यक्षले रकमको पेश्की लिइसकेको जानकारी दिएपछि कानुनी रूपमा त्यस्तो व्यवस्था हुन सक्ने ठानेर आफूहरू कार्यक्रममा सहभागी भएको उनले दाबी गरे।

सार्वजनिक वित्त व्यवस्थापन ऐन, २०७६ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले कार्यक्रम सम्पन्न भएपछि मात्रै बिल-भरपाई प्रमाणित गरी भुक्तानी लिनुपर्ने व्यवस्था रहेको छ। कार्यक्रम सम्पन्न नहुँदै अन्तिम भुक्तानी गर्ने वा खर्च फर्स्यौट गर्ने कार्य वित्तीय अनुशासनविपरीत रहेको भनेको छ।

पेश्की सम्बन्धी व्यवस्थाले

बाँकी पृष्ठ ४ ▸▸




# ४३ दिनपछि संसद पुगेका प्रधानमन्त्री बालेन २० मिनेटमै बाहिरिए

अपन दैनिक संवाददाता
सिरहा, असार ३० गते

प्रमुख प्रतिपक्षी नेपाली कांग्रेससहित प्रतिपक्षी दलहरूले संसदप्रति प्रधानमन्त्री जबाफदेही हुनुपर्ने भनिरहेका बेला प्रधानमन्त्री बालेन शाह मंगलबार प्रतिनिधिसभा बैठकमा पुगेका छन्।

प्रधानमन्त्री शाह रास्वपा सभापति रवि लामिछानेसँगै प्रतिनिधि सभा बैठक कक्ष पुगेका हुन्। त्यति बेला राप्रपा प्रमुख सचेतक खुस्बु ओली बोलिरहेकी थिइन्।

झन्डै पौने २ बजे संसदमा प्रवेश गरेका प्रधानमन्त्री शाह करिब २० मिनेट बैठकमा सहभागी भएर निस्केका छन्। उनले संसदमा केही सांसदहरूका कुरा सुनेका थिए।

गत जेठ १७ गतेदेखि प्रधानमन्त्री शाह प्रतिनिधि सभा बैठकमा उपस्थित थिएनन्। 'नेपालले पनि भारतको



जग्गा मिचेको रहेछ' भन्ने अभिव्यक्ति दिएपछि उनको यो अभिव्यक्ति पुष्टि गर्ने प्रमाण वा यो अभिव्यक्ति रेकर्डबाट हटाउन प्रतिपक्षी दलहरूले दिनहुँ माग गरिरहेका छन्।

यसबीच रास्वपाको प्रथम महाधिवेशन चितवनमा भयो। उक्त मञ्चबाट प्रधानमन्त्री शाहले संसदमा दिएको अभिव्यक्ति प्रस्ट्याउन खोजेका थिए तर प्रतिपक्षी दलहरूले संसदमा दिएको अभिव्यक्तिबारे संसदमै जबाफ दिनुपर्ने माग राखिरहेका छन्।

यस्तो बेला संसद पुगेका प्रधानमन्त्री शाह करिब २० मिनेट बसेर निस्किएका हुन्। उनी संसदबाट बाहिर निस्कँदा रास्वपाका दुई सांसद इन्दिरा राना मगर र निशा डाँडीसँग केही बेर कुराकानीसमेत गरेका थिए।

# सरकारलाई सर्वोच्चको अर्को झट्का, निजी मिडियालाई विज्ञापन नदिने निर्णय खारेज

अपन दैनिक संवाददाता
सिरहा, असार ३० गते

सर्वोच्च अदालतले निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापन नदिने सरकारको निर्णय खारेज गरेको छ। न्यायाधीशद्वय शारंगा सुवेदी र नृपध्वज निरौलाको संयुक्त इजलासले १८ चैत २०८२ को उक्त निर्णयलाई उत्प्रेषणको आदेशमार्फत बदर गरेको हो।

फैसलाको पूर्ण पाठ तयार भइसकेको




र दुई दिनभित्र सार्वजनिक गरिने बताइएको छ। एक साताअघि अन्तिम बहस सम्पन्न भएको उक्त म्द्दामा सर्वोच्च अदालतले मंगलबार फैसला सुनाएको हो।

सरकारी विज्ञापन निजी सञ्चारमाध्यमले पनि पाउनुपर्ने मागसहित नेपाल मिडिया सोसाइटीका तर्फबाट अधिवक्ता अधिवक्ता अनन्तराज लुईंटेलले दायर गरेको रिटमाथि असार २२ र २३ गते दुवै पक्षका तर्फबाट बहस भएको थियो।

सोसाइटीका तर्फबाट वरिष्ठ अधिवक्ताहरू शतिसकृष्ण खरेल,

बाँकी पृष्ठ ४ ▸▸

## धामिनी मन्दिरको सरकारी जग्गा अतिक्रमण .............

नम्बरको जग्गामा बिगत लामो समयदेखि स्थानिय मिश्री साहले अतिक्रमण गरि तिनकोठे पक्कि भवन निर्माण गरिएको स्थानियको आरोप छ।

साथै, मन्दिरसँग सम्बन्धित जग्गाको यथार्थ विवरण, नापी-नक्सा, श्रेस्ता, हालको अवस्था तथा अतिक्रमणसम्बन्धी सम्पूर्ण विवरण उपलब्ध गराउन नगरपालिकासँग पत्राचारसमेत गरिएको थियो। तर, ज्ञापनपत्र बुझाएको दुई वर्षभन्दा बढी समय बितिसक्दा पनि नगरपालिकाबाट कुनै लिखित जवाफ, विवरण वा प्रगति प्रतिवेदन प्राप्त नभएको रास्वपा नगर समिति सचिव सन्तोष साहले जनाएको छ। सार्वजनिक सम्पत्तिको संरक्षण तथा सरकारी पत्राचारको जवाफ दिनुपर्ने कानुनी दायित्व हुँदाहुँदै पनि नगरपालिकाले कुनै चासो नदेखाएको भन्दै ताकेता पत्र भुझाएको बताए।

उनले भने, झताकेता पत्रमा धामिनी माताको मन्दिर ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदासँग जोडिएको स्थल भएकाले त्यससँग सम्बन्धित सार्वजनिक जग्गाको संरक्षण गर्नु स्थानीय सरकारको संवैधानिक तथा कानुनी दायित्व हो। लामो समयसम्म यस विषयलाई बेवास्ता गर्नु सुशासन, पारदर्शिता र जवाफदेहिताको सिद्धान्तविपरीत हुने भन्दै पत्र प्राप्त भएको मितिले सात दिनभित्र माग गरिएका सम्पूर्ण कागजात, विवरण तथा हालसम्म भएका कामको स्पष्ट लिखित जवाफ उपलब्ध गराउन आग्रह गरिएको छ।

रास्वपाले तोकिएको अवधिभित्र जवाफ नआए सम्बन्धित निकायमा जानकारी गराई सार्वजनिक हितको संरक्षणका लागि आवश्यक कानुनी तथा प्रशासनिक प्रक्रिया अघि बढाइने चेतावनीसमेत दिएको छ।

यता, ताकेता पत्र बुझ्दै गोलबजार नगरपालिकाका नगरप्रमुख श्याम श्रेष्ठले सार्वजनिक जग्गा संरक्षणमा नगरपालिका प्रतिबद्ध रहेको बताए। उनले भने, झयो विषयमा ध्यानाकर्षण गराइदिनुभएकोमा धन्यवाद। सार्वजनिक जग्गा संरक्षणका लागि सबै राजनीतिक दल र सरोकारवालाको सहयोग आवश्यक छ। मैले आजै प्रमुख प्रशासकीय अधिकृतलाई आवश्यक प्रक्रिया अघि बढाउन निर्देशन दिइसकेको छु। साउनभित्र धामिनी मन्दिरसहित अतिक्रमणमा परेका सार्वजनिक सरकारी जग्गा खाली गराउने प्रतिबद्धता व्यक्त गर्दछु।

नगरप्रमुख श्रेष्ठले गोलबजार नगरपालिका क्षेत्रमा हजारौं बिघा सार्वजनिक तथा ऐलानी जग्गा रहेको र त्यसको ठूलो हिस्सा विभिन्न व्यक्तिबाट अतिक्रमणमा परेको उल्लेख गर्दै सबै अतिक्रमित सार्वजनिक जग्गा क्रमिक रूपमा खाली गराइने बताए।

ऐतिहासिक तथा धार्मिक सम्पदाको संरक्षणसँग जोडिएको विषय भएकाले धामिनी मन्दिरको सार्वजनिक जग्गा अतिक्रमणमुक्त गराउन स्थानीय सरकारले प्रभावकारी पहल गर्नुपर्ने स्थानीयहरुले माग गर्दै आएका थिए।

## मिटरब्याज पीडित र गृहमन्त्रीबीचको वार्ता : तीन आयोगको ........

समस्या समाधानका लागि प्रस्तुत ६ बुँदे मागमाथि प्रधानमन्त्री कार्यालयमा उच्चस्तरीय छलफल भइरहेको छ। उक्त बैठकको निर्णय आएपछि गृहमन्त्री र मिटरब्याजविरुद्ध किसान-मजदुर आन्दोलनको नेतृत्वबीच पुनः तेस्रो चरणको वार्ता हुने छ।

दोस्रो चरणको वार्ताका क्रममा गृहमन्त्री गुरुङले मिटरब्याजसम्बन्धी अध्ययनका लागि गठन गरिएका तीनवटै आयोगका प्रतिवेदन तत्काल सार्वजनिक गर्न गृह मन्त्रालयलाई निर्देशन दिएका छन्।

सार्वजनिक गर्न निर्देशन दिइएका प्रतिवेदनमा गौरिबहादुर कार्की आयोग, तेजबहादुर कार्की आयोग र बाबुराम रेग्मी आयोगका प्रतिवेदन रहेका छन्।

अभियन्ता घिमिरेका अनुसार वार्तामा सरकार र आन्दोलनरत पक्ष दुवैले आ-आफ्नो माग तथा प्रस्तावबारे आवश्यक गृहकार्य गर्ने सहमति भएको छ।

प्रधानमन्त्रीस्तरीय बैठकको निष्कर्ष प्राप्त भएपछि त्यसका आधारमा तेस्रो चरणको वार्ता बस्नेछ। उनले सरकारसँग लिखित सहमति नभए आन्दोलन नरोकिने स्पष्ट पारिन्।

'यदि सरकार र आन्दोलनरत पीडित पक्षबीच मागपत्रका विषयमा लिखित सहमति हुन सकेन भने पैदल न्याय मार्च पुनः संघीय राजधानी काठमाडौंतर्फ अघि बढ्नेछ,' उनले भनिन्।

मिटरब्याज पीडितहरूले असार २५ गते जनकपुरधामको ऐतिहासिक तिरहुतियागाछीबाट काठमाडौं सम्मको पैदल न्याय मार्च सुरु गरेका थिए।

मिटरब्याजसँग सम्बन्धित फर्जी तमसुक, दृष्टिबन्धक, रजिस्ट्रेसन तथा चेकलगायतका लिखत खारेज, प्रभावकारी कानुन निर्माण, विशेष न्यायाधिकरण गठन र विगतका सम्झौता कार्यान्वयनलगायत ६ बुँदे उनीहरूको माग छ।

## मधेशका गृहमन्त्रीले टिकट खोसेपछि ..........

उहाँलाई कसले छुट दिएको छ ?'

महन्थ दासले मन्त्रीलाई खर्चको हिसाब चाहिएको हो भने कार्यालय वा आफूकहाँ आएर माग्नुपर्ने बताए।

मन्त्री महतोले मन्दिरमा शुल्क लिनु गलत कार्य भएकाले पटकपटक निःशुल्क गर्न भन्दा पनि बेवास्ता गरेपछि टिकट खोसेको बताएका छन्। 'मन्दिर कसैको निजी सम्पत्ति होइन, सार्वजनिक सम्पत्तिमा जनतासँग शुल्क लिनु गलत भएकाले टिकट खोसेको हुँ,' उनले भने।

पूजा खर्च व्यवस्थापनका लागि ठेक्का लगाएको भन्ने जानकी मन्दिरको भनाइमा मन्त्री महतोले भने, 'को सँग स्वीकृति वा समन्वय गरेर ठेक्का लगाएको ? जहाँसम्म पूजा खर्च व्यवस्थापनको कुरा हो, जानकी मन्दिरले आजसम्म खर्च हिसाब सार्वजनिक नगरेका कारण शंकाको घेरामा छ।'

एक दशकअघि भारत सरकारको लगानीमा मन्दिर परिसरभित्रै माता जानकीको बाल्यकाल जन्मदेखि विवाहसम्मको दृश्य चरित्रसहितको विद्युतीय संग्रहालय निर्माण गरिएको थियो। २०२६ मा बडा गुरुजी खगेन्द्रराज पाण्डेको पहलमा जानकी मन्दिरमा हालको विवाह मण्डप निर्माण गरिएको थियो।

निर्माण कार्यमा जानकी मन्दिरका तत्कालीन महन्थ नवलकिशोर दासको उल्लेखनीय योगदान थियो। निर्माणको १६ वर्षपछि २०४२ पुस १८ गते तत्कालीन राजा वीरेन्द्रले विवाह मण्डपको उद्घाटन गरेका थिए।

रामसीताको विवाह भएको विश्वास गरिएको यही स्थानमा पहिले पनि एक मण्डप थियो। १९९० सालको महाभूकम्पले पुरानो मण्डपमा ठूलो क्षति पुऱ्याएको थियो।

त्यसपछि नयाँ स्वरूपमा, पर्यटक आकर्षित गर्ने गरी प्यागोडा शैलीमा पुनःनिर्माण गरिएको हो। हिन्दू परम्पराअनुसार यही स्थानमा भगवान राम र माता सीताको विवाह सम्पन्न भएको विश्वास गरिँदै आइएको छ। मण्डपको गर्भगृहमा रामसीता, लक्ष्मण, भरत, शत्रुघ्न तथा उनीहरूका धर्मपत्नीहरूको संगमरमरका मूर्तिहरू स्थापना गरिएका छन्।

प्रत्येक वर्ष विवाह पञ्चमीका अवसरमा यही मण्डपमा रामजानकी विवाह महोत्सवको मुख्य कार्यक्रम आयोजना गरिन्छ।

हरेक वर्ष लाखौंको संख्यामा श्रद्धालुहरू विवाहमण्डपको अवलोकन गर्दै आएका छन्।

# गुप्तचरलाई राजस्वको जिम्मा

**अपन दैनिक संवाददाता**
**काठमाडौं, असार ३० गते**




सरकारले ट्राफिक प्रहरी, भन्सार, आन्तरिक राजश्व कार्यालयलाई मात्र होइन गुप्तचर विभागलाई पनि राजश्व संकलनमा खटाएको छ। नेपालको जासुसी संस्था मानिने गुप्तचरी संयन्त्र राष्ट्रिय अनुसन्धान विभागलाई सरकारले अनौपचारिक रुपमा राजश्व संकलनमा खटाएको छ।

गुप्तचरको काम राजश्व संकलन गर्ने होकि सूचना संकलन गरेर राज्यको संयन्त्रलाई बलियो बनाउने हो भन्नेबारेमा विरोधाभाष उत्पन्न भएको छ। विश्वमा कुनै पनि राष्ट्रको आन्तरिक र बाह्य सुरक्षा चुनौतीलाई नजिकबाट नियाल्दै त्यस्ता चुनौतीहरुलाई पहिचान गरि निस्तेज पार्ने काम गुप्तचर निकाय अर्थात जासुसी संस्थाले पाएको हुन्छ। तर नेपालमा राजश्व संकलनकालागि विशेष टोली बनाएर खटिनु आफैमा हास्यांस्पद र लाजमर्दो काम हो।

राजश्व चुहावट, भन्सार छली तथा सरकारी कार्यालयहरूमा हुने अनियमितताहरूमाथि निगरानी बढाउन गुप्तचरसहितको विशेष राजश्व इन्टेलिजेन्स ब्युरो गठन गरी सक्रिय रूपमा परिचालन गरेको छ।

यसअघि विभागभित्र रहेको राजस्व शाखालाई पुनर्संरचना गर्दै केही महिनाअघि एसएसपी उत्तम खनालको नेतृत्वमा राजश्व इन्टेलिजेन्स ब्युरो स्थापना गरिएको हो।

विभाग प्रमुख आईजीपी टेकेन्द्र कार्कीको पहलमा गठन भएको उक्त ब्युरोले गठनपछि निरन्तर रूपमा सूचना संकलन तथा निगरानीको काम गर्दै आएको छ। ब्युरोलाई विशेषगरी भन्सार छली, राजश्व चुहावट तथा सीमा क्षेत्रमा हुने चोरी-पैठारीबारे सुराकी संकलन गर्ने जिम्मेवारी दिइएको छ। सीमा क्षेत्रको सुरक्षा र निगरानीसँगै भन्सार नाकामा हुने गतिविधिमाथि समेत ब्युरोले निगरानी बढाएको बताइएको छ।

त्यसका अतिरिक्त जिल्ला प्रशासन कार्यालय, प्रहरी कार्यालय, मालपोत, नापी, राजश्व, यातायात कार्यालय तथा भन्सार कार्यालयलगायत सरकारी निकायमा हुने अनियमितताबारे सूचना संकलन र विश्लेषण गर्ने जिम्मेवारी पनि ब्युरोलाई दिइएको छ।

यस कार्यका लागि राष्ट्रिय अनुसन्धान विभागले सिपाहीदेखि सहायक निरीक्षक (सई) दर्जासम्मका कर्मचारीहरू विभिन्न क्षेत्रमा परिचालन गरेको जनाएको छ। विभागले प्राप्त सूचनाका आधारमा सम्बन्धित निकायसँग समन्वय गरी राजश्व चुहावट नियन्त्रण तथा सुशासन प्रवर्द्धनमा सहयोग गर्ने उद्देश्य राखेको बताइएको छ।

नेपालको भौगोलिक अखण्डता, स्वाधिनताको रक्षा, सार्वभौमसत्ता र राष्ट्रिय स्वार्थलाई बचाइ राख्दै नेपाल सरकारलाई आवश्यक पर्ने सबै आन्तरिक तथा बाह्य सूचना उपलब्ध गराउने जिम्मेवारी नेपालको विशेष सेवा ऐन २०४२ र नियमवाली २०४४ ले राष्ट्रिय अनुसन्धान विभाग लाई दिएको छ।

नेपालको भौगोलिक अखण्डता, राष्ट्रिय एकता, धार्मिक एकता तथा शान्ति सुरक्षा मा खलल पुर्याउने मनसाय ले कुनै व्यक्ति वा समुह सक्रिय रुपमा लागि परेमा अथवा बाह्य सुरक्षा चुनौति बढेमा त्यस्ता खालको सूचना सुक्ष्म रुपमा संकलन गर्दै यसको विश्लेषण र अवलम्वन गर्नु पर्ने सुरक्षा उपाय सहित नेपाल सरकारलाई समयमा नै सम्प्रेषण गर्ने काम राष्ट्रिय अनुसन्धान विभागले गर्दै आईरहेको छ।

जसले गर्दा अहिले राजश्व संकलनका लागि खटाइनु कति उपयुक्त होला भन्ने प्रश्न उठेको छ।

## सरकारलाई सर्वोच्चको अर्को झट्का, निजी ............

रमेश बडाल, ललितबहादुर बस्नेत, दिनेश त्रिपाठी तथा अधिवक्ताहरू अनन्तराज लुईंटेल, विकास भट्टराई, किर्तिनाथ शर्मा पौडेल, विशाल थापा, दुर्वाशा लुईंटेल, रामप्रसाद पुडासैनी, डा. बालकृष्ण चापागाईं र डा. प्रेमराज सिलवालगायतले बहस गरेका थिए। सरकारका तर्फबाट महान्यायाधिवक्ता नारायणदत्त कँडेल र नायब महान्यायाधिवक्ता उद्धवप्रसाद पुडासैनीले बहस गरेका थिए।

बहसका क्रममा निजी सञ्चारमाध्यमका कानुन व्यवसायीहरूले सरकारले लामो समयदेखि उपलब्ध गराउँदै आएको सरकारी विज्ञापनको सुविधा कटौति गरेर निजी मिडियामाथि आर्थिक नाकाबन्दी गर्ने उद्देश्य राखेको दाबी गरेका थिए।

उनीहरूले विज्ञापन ऐन तथा नियमावलीअनुसार समानुपातिक रूपमा सरकारी विज्ञापन पाउनु सञ्चारमाध्यमको अधिकार भएको, सरकारले कुनै सञ्चारमाध्यमलाई दिने र कुनैलाई नदिने गरी विभेद गर्न नमिल्ने, विज्ञापन बोर्डको अधिकार सरकारले हस्तक्षेप गर्न नपाउने तथा प्रदेश र स्थानीय सरकारको अधिकारक्षेत्रमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले हस्तक्षेप गर्न नहुने जिकिर गरेका थिए।

# वीरगन्जमा सडक बिस्तारको काम बुधबारपछि केही दिन रोकिने

**अपन दैनिक संवाददाता**
**पर्सा, असार ३० गते**



वीरगन्ज महानगरपालिकाको मुख्य सडक क्षेत्र सडक बिस्तारको काम केही शिथिल भएको छ। सडक डिभिजन कार्यालय हेटौंडाले पुरिएका सडक छेउका नाला तथा फुटपाथ सफाइको कामलाई प्राथमिकता दिएपछि सडक बिस्तारको कामको गति केही कम भएको हो।

सडक डिभिजन हेटौंडाले मंगलबार मुर्ली तथा नारायणी अस्पताल क्षेत्रमा नाला र फुटपाथ सफाईको काम सम्पन्न गरेको छ। सडक डिभिजन हेटौंडाका इन्जिनियर तथा वीरगन्जका लागि तोकिएका फोकलपर्सन दुर्गा प्रसादका अनुसार हाल विर्ता मन्दिरदेखि उत्तरतर्फ सडक बिस्तारको काम जारी छ। त्यस क्षेत्रमा रहेका केही अग्ला घर भत्काउने काममा निकै समय खर्च भइरहेको पनि उनले बताए।

बुधबार दिउँसोसम्म ती घर भत्काइ सकेपछि केही दिनका लागि सडक बिस्तारको कामलाई विश्राम दिइने उनले बताए। असार ३२ गते वीरगन्जमा गहवामाइको रथ यात्रा तथा आर्थिक वर्षको अन्त्य पनि भएकाले कर्मचारीलाई पनि निरन्तरको कामबाट केही दिन विश्राम दिन लागिएको उनले बताए। छोटो विश्राम पछि पुनः सडक बिस्तारको काम दुई/चार दिनभित्रै सुरु गर्ने योजना रहेको उनले बताए।

गत वैशाख ६ र ७ मा सडक विभागले पहिलो चरणमा मुख्य सडक क्षेत्रका करिब १२ सय घर तथा भवनमा डोजर चलाएको थियो। त्यसक्रममा अधिकांश संरचनाको अगाडिको भाग भत्काइएको थियो भने सडक सीमा क्षेत्रमा परेका संरचना २५ दिनभित्र आफैं हटाउन सम्बन्धितलाई आग्रह गरिएको थियो। तर समयसीमा सकिँदासमेत धेरै संरचना यथावत् रहेपछि विभागले डेढ साता अघिदेखि दोस्रो चरणको अभियान बढाएको हो।

# बालेनलाई 'श्री ८' भनेपछि रास्वपा सांसदको नियमापत्ति

**अपन दैनिक संवाददाता**
**काठमाडौं, असार ३० गते**





प्रधानमन्त्री बालेन शाहलाई 'श्री ८' को संज्ञा दिइएकोप्रति सत्तारुढ दल रास्वपाका सांसद शिवजी यादवले नियमापत्ति गरेका छन्।

बोल्ने क्रममा नेपाली कांग्रेसका सांसद निश्कल राईले प्रधानमन्त्री बालेन्द्र शाह (बालेन)लाई 'श्री ८' को संज्ञा दिएका थिए।

उनले भनेका थिए, 'सरकारले खासगरी श्री ८ बालेन्द्र शाहलाई प्रश्न गर्न पाइँदैन भनेर स्थापित गर्न खोजिरहेको छ। यतिसम्म कि देशमा रहेको संविधान र कानुनको परिधिभित्र रहेर उत्पन्न हुने प्रश्नभन्दा माथि श्री ८ हुनुहुन्छ भनेर आम नागरिकलाई चेतावनी यो सरकारले दिइरहेको छ।'

उनका अनुसार सरकार यो पनि भन्दैछ, 'तँ बोल त्यति मात्र, जे म सुन्न चाहन्छु, तँ हेर त्यति मात्र, जति म देखाउन चाहन्छु, तँ सुन त्यति मात्र, जे म सुनाउन चाहन्छु तेरो स्वतन्त्रता घेरा मैले कोरेको शून्यभन्दा बाहिर छैन।'

सांसद राईको यस्तो अभिव्यक्तिमा रास्वपाका सांसद शिवजयी यादवले नियमापत्ति गरेका हुन्।

उनले भने, 'हामी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा चलिरहेका छौं। जुन हिसाबले अघिका माननीय ज्यूले नेपाल सरकारलाई, सम्माननीय प्रधानमन्त्री बालेन शाहज्यूलाई श्री ८ को सरकार भनेर जुन सम्बोधन गर्नुभएको छ। संविधानले त्यो भाषा स्वीकार्दैन। सनदे त्यो भाषा स्वीकार्दैन। त्यो रेकर्डबाट हटाउन माग गर्दछु।'

## मधेश सरकारलाई बजेट पारित गर्न ..........

कमजोरी सुधार गर्दै कार्यान्वयनलाई प्रभावकारी बनाउने उद्देश्यसहितका बुँदाहरू समेटिएको बताए।

आगामी आर्थिक वर्ष ०८३/०८४ को वार्षिक बजेट पुस्तिकामा मन्त्रालय अन्तर्गत रहेका पूर्वाधार विकास तथा निर्माण योजनाहरू सम्बन्धित जिल्लामा रहेका मन्त्रालयका इकाइमार्फत कार्यान्वयन गरिने व्यवस्था गर्नुपर्ने प्रतिवेदनमा भनिएको छ।

यस्तै, स्रोत सुनिश्चित भइसकेका बहुवर्षीय योजनाहरूको नियमन तथा नियन्त्रण अर्थ तथा प्राविधिक विज्ञहरूको समितिको प्रतिवेदनका आधारमा गर्ने व्यवस्था मिलाउनुपर्ने, स्थानीय तहलाई अन्तरसरकारी वित्तीय हस्तान्तरणअन्तर्गत उपलब्ध गराइने विशेष अनुदानमा समावेश गरिएको पोषणयुक्त आहार वितरणजस्ता कार्यक्रम तत्कालका लागि स्थगन गरी स्थानीय तहको आवश्यकता र मागका आधारमा अन्य शीर्षकमा बजेट उपलब्ध गराउनुपर्ने भनिएको छ।

चालु आर्थिक वर्षमा सम्पन्न भइसके पनि भुक्तानी हुन बाँकी रहेका योजनाहरूको रकम आगामी आर्थिक वर्षको बजेटबाट भुक्तानी गर्ने व्यवस्था मिलाउनुपर्ने सुझावसमेत कार्यदलले दिएको छ भने स्थानीय तहले प्रदेश सरकारलाई बुझाउनुपर्ने राजस्व बढीमा पाँच किस्तामा बुझाउन सक्ने व्यवस्था गरी त्यसका आधारमा प्रदेश सरकारले दिने अनुदान उपलब्ध गराउनुपर्ने भनिएको छ।

उक्त प्रतिवेदनमा प्रदेशका सिरहा र धनुषा जिल्ला जोड्ने कमला पुल निर्माण योजनालाई प्राथमिकता दिँदै आगामी आर्थिक वर्षमा आवश्यक बजेट थप गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने भनेको छ। बजेट कार्यान्वयनमा देखिएका प्रशासनिक, प्राविधिक तथा वित्तीय समस्याको समाधान गर्ने उद्देश्यका १० वटा सुझाव प्रतिवेदनमा समेटिएको छ।

बजेटको विषयलाई लिएर प्रतिपक्षी दलहरु जसपा नेपाल, जनमत पार्टी र राप्रपा नेपालले असार १४ गतेदेखि नियमित रुपमा प्रदेश सभा बैठक अवरुद्ध गर्दै आएका थिए। उनीहरुले बजेट वितरणमा असन्तुलन भएको, योजना छनोटमा राजनीतिक विभेद गरिएको र छलफल नगरी बजेट ल्याइएको आरोप लगाउँदै थिए।

कार्यदलको प्रतिवेदन प्रदेश सभामा पेश भएसँगै प्रदेश सरकारले त्यसमा समेटिएका सुझावहरूको अध्ययन गरी बजेट कार्यान्वयन तथा आवश्यक संशोधनका विषयमा निर्णय गर्ने अर्थमन्त्री भट्टराईले जानकारी दिए। उनले कार्यदलले पेस गरेको प्रतिवेदनलाई विनियोजन विधेयकको अंग बनाउन सहमत रहेको बताए।

## चार दिनअघि पेश्की लिएर आर्थिक ..........

मुख्यतः भौतिक निर्माण वा पूर्वतयारी आवश्यक पर्ने कार्यमा निश्चित सर्तसहित अग्रिम रकम उपलब्ध गराउने व्यवस्था रहेको छ। तालिम, गोष्ठी, सेमिनार वा अन्तरक्रिया कार्यक्रमका हकमा संस्थाको नाममा अग्रिम भुक्तानी गरी पछि कार्यक्रम सञ्चालन गर्ने स्पष्ट कानुनी व्यवस्था गरेको छैन।

यदि पेश्की आवश्यक परेमा सम्बन्धित कर्मचारीको नाममा पेश्की उपलब्ध गराई कार्यक्रम सम्पन्न भएपछि खर्चको आधारमा फर्स्यौट गर्न सकिने व्यवस्था छ।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ बेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौं।

अपन दैनिक

सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक,
मधेश प्रदेश सिरहा नेपाल